फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्ड : १ संख्या : ३६ मितिः २०७५/०६/२१

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

## विपद् राहत तथा उद्धार कार्यविधि, २०७५

कार्यपालिकावाट स्वीकृत मितिः २०७५/०३/०२

**प्रस्तावना,**

फलेवास नगरपालिका क्षेत्रभित्र विभिन्न किसिमका प्राकृतिक तथा गैर प्राकृतिक विपद्को कारण हुने क्षति र पिडितहरुको लागि राहत तथा सहयोग उपलब्ध गराउन तथा यस नगरक्षेत्रभित्र विपद् पूर्व तयारी तथा प्रतिकार्य लाई व्यवस्थित बनाई सकेसम्म क्षति न्युनिकरण गर्न र नगरक्षेत्र भित्रका विपद् पिडित नागरिकलाई तत्काल राहत एवं सहयोग उपलब्ध गराई उनीहरुको जीवनयापन तथा गास वास कपासको व्यवस्थापनमा तत्काल सहयोग पुर्‍याउन आवश्यक भएकोले फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ का आधारमा यो विपद् राहत तथा उद्धार कार्यविधि, २०७५ तयार गरी जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम विपद् राहत तथा उद्धार कार्यविधि, २०७५ रहनेछ ।

ख. यो कार्यविधि फलेवास नगरकार्यपालिकाले स्वीकृत गरेको मितिवाट लागू हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. कार्यविधि भन्नाले फलेवास नगरपालिका भित्रका ११ वटा वडामा विपद्वाट पिडितहरुको राहत र उद्धार कार्यलाई व्यवस्थित गर्न नगरकार्यपालिकाद्धारा स्विकृत गरी जारीगरिएको विपद् राहत तथा उद्धार कार्यविधि, २०७५ सम्झनुपर्नेछ ।

ख. नगरपालिका भन्नाले फलेवास नगरपालिका सम्झनुपर्नेछ ।

ग. नगरकार्यपालिका भन्नाले फलेवास नगरकार्यपालिका सम्झनुपर्नेछ ।

घ. वडा कार्यालय भन्नाले फलेवास नगरपालिका अन्तर्गतका ११ वटा वडामा सञ्चालन भएका वडा कार्यालयहरु बुझिनेछ ।

ङ. समिति भन्नाले फलेवास नगरकार्यपालिकाद्धारा गठन गरिएको विपद् व्यवस्थापन समिति सम्झनु पर्नेछ । यस शब्दले वडा स्तरमा विपद् व्यवस्थापनको लागि गठन गरिएको वडा समितिलाई समेत बुझाउनेछ ।

च. कोष भन्नाले फलेवास नगरकार्यपालिद्धारा विपद् व्यवस्थापनको लागि गठन भएको कोष सम्झनु पर्नेछ ।

छ. सामुदायिक संस्था भन्नाले यस नगरपालिकाका सवै वडाहरुमा गठन भएका विभिन्न समुह, संस्था तथा समुदायमा आधारित गैरसरकारी संस्थाहरुलाई सम्झनु पर्नेछ ।

ज. सरोकारवाला भन्नाले विपद्को समयमा राहत र उद्धार कार्यमा कानूनत संलग्न हुने र प्रभावित हुने सवै पक्षलाई जनाउनेछ ।

झ. प्राकृतिक विपद् भन्नाले वाढि, पहिरो तथा घरमा पर्ने ठूला खाडल, आगलागि, चट्यान, असिनापानी, अतिबृष्टि, अनाबृष्टि, भूक्षय, हावाहुरी, र यस्तै प्राकृतिक विपद्वाट उत्पन्न हुने अन्य समस्या समेत भन्ने बुझिन्छ ।

ञ. गैरप्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, रोगब्याधीको संकमण, किट वा सुक्ष्म जीवाणुवाट हुने आतंक र आक्रमण, जंगली जनावरवाट हुने आक्रमण,जटिल रोगको कारण सृजना हुने दुराबस्था लगायत अन्य समस्याहरु बुझिनेछ,।

ट. राहत भन्नाले नगद, जिन्सी वा अन्य प्राप्त बस्तु तथा सेवा समेत बुझाउनेछ ।

**३. कार्यविधिका उद्देश्यहरु**

क. फलेवास नगरपालिका भित्र पर्ने सवै प्रकारका दैवि प्रकोप तथा विपद्को कारण सृजना हुने परिस्थितिलाई शिघ्र व्यवस्थापन गर्न राहत तथा उद्धार कार्यलाई व्यवस्थापन गर्ने

ख. विपद्को समयमा गरिने राहत तथा उद्धार लगायतको सेवा प्रवाहमा प्रभावकारीता ल्याउने,

ग. विपद्को समयमा पिडित समक्ष तत्काल नगरकार्यपालिकाको उपस्थिति हुने वातावरण मिलाउने

घ. विपद्का् समयमा कार्यालयद्धारा प्रदान गरिने राहत तथा उद्धार कार्यलाई प्राथमिकता सहित समानुपातिक रुपमा वितरण गर्ने कुरामा सहयोग पुर्‍याउने,

ङ. आफ्नो टोलको सर्वाङ्गीण विकासका कृयाकलाप संचालनको लागि समन्वय प्रभावकारी बनाउने,

च. नगरक्षेत्र भित्र विपद्को समयमा सरोकारवालाहरुसंगको समन्वय प्रभावकारी बनाउन समयोग पुर्‍याउने,

छ. विपदको समयमा सचेतना अभिबृद्धि,आवश्यक समन्वय, सहकार्य र साझेदारीप्रभावकारी बनाउने,

ज. फलेवास नगरपालिकाको ११ वटै वडामा विपद्को समयमा प्रदान गरिने राहत तथा उद्धार कार्यमा एकरुपता कायम गर्न सघाउ पुऱ्याउने,

## परिच्छेद २

## रणनीति तथा कार्यक्षेत्र

**४. रणनीति**

क. नगरपालिका स्तरीय विपद् व्यस्थापन कोष स्थापना गरी वार्षिक रुपमा कोषमा रकम थप गर्दै जाने र सोही कोष मार्फत राहत तथा उद्धार कार्यमा खर्च गरिने,

ख. राहत उद्धारमा स्थानीय समुदाय परिचालन गर्ने तथा स्थानीय स्रोत साधानको प्रयोगमा जोड दिने,

ग. राहत उद्धार कार्यमा स्थानीय समुदाय, संघ संस्था र क्लव लगायतका समूह परिचालनमा जोड दिने,

घ. विपद्वाट पिडितको शिघ्र राहत उद्धारको लागि सरोकारवालाहरुसंगको आपसी विश्वास, साझेदारी, समन्वय र सहकार्य प्रभावकारी बनाउने,

**५. कार्यक्षेत्र**

क. वडा स्तरीय समितिको कार्यक्षेत्र सम्वन्धित वडा र नगर विपद् व्यवस्थापन समितिको कार्यक्षेत्र सम्पूर्ण फलेवास नगरपालिका भित्र हुनेछ,

ख. फलेवास नगरपालिका क्षेत्रभित्र पर्ने विपद्को अवस्थामा यो कार्यविधिको आधारमा राहत र उद्धारका क्रियाकलापहरु सञ्चालन हुनेछ,

ग. प्रचलित कानून अनुसार जिम्मेवार निकाय र संघसंस्था वाहेक यस नगरक्षेत्र भित्रका प्राकृतिक तथा गैर प्राकृतिक विपद्को अवस्थामा अन्य वाहय संघसंस्थाद्धारा नगर विपद् व्यस्थापन समितिसंग समन्वय गरी राहत र उद्धार कार्य अगाडि बढाउन सक्नेछन्,

घ. नगर क्षेत्रका कुनैपनि वडाले अर्को वडामा पर्ने विपद्का घटनामा राहत उद्धारका कार्यमा खटिन सक्नेछ तर नगरक्षेत्र भन्दा वाहिरका गैरसरकारी संघसंस्थाहरुले नगरकार्यपालिकासंग समन्वय अनिवार्य रुपमा गर्नुपर्नेछ ।

## परिच्छेद ३

## विपद् व्यवस्थापन कोष

**६. विपद व्यवस्थापन कोषको स्थापना र सञ्चालनः**

१. फलेवास नगरपालिकामा एक विपद् व्यस्थापन कोष रहनेछ । सो कोषमा विपद् व्यवस्थापनका लागि फलेवास नगरसभाद्धारा विनियोजन गरेको रकम र संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्थावाट प्राप्त रकम समेत जम्मा गरिनेछ ।

२. सो कोषमा आवश्यक रकम समेत मौज्दात राखी विपद् व्यवस्थापन समितिको सिफारिसमा तत्काल राहत तथा जिन्सी सामाग्री दिन सकिनेछ ।

३. विपद् व्यवस्थापन कोषको रकम राहतको अलावा उद्धार कार्यमा समेत विपद् व्यवस्थापन समितिको निर्णय गरी आवश्यकतानुसार खर्च गर्न सकिनेछ ।

४. उक्त कोषको परिचालन विपद् व्यवस्थापन समितिको निर्णय अनुसार गरिनेछ । तर तत्काल समितिको बैठक बस्न नसक्ने अवस्थामा विपद्का् प्रकृति हेरी तत्काल राहत तथा उद्धार कार्यमा स्रोत परिचालन गर्नुपर्ने भएमा विपद् व्यवस्थापन समितिका अध्यक्षको सिफारिसद्धारा खर्च गर्न कुनै वाधा हुनेछैन ।

५. विपद्को समयमा हुने उद्धारका कार्यमा प्रयोग हुने सामाग्री, तीनको संरक्षण तथा भण्डारणको लागि समेत यो कोष प्रयोग गर्न सकिनेछ ।

५. विपद्का घटना तथा राहत र उद्धारको विवरण वार्षिक रुपमा कार्यालयमा अभिलेखको रुपमा रहनेछ ।

## परिच्छेद४

## विपद्का प्रकारहरु

**७. यस नगरक्षेत्र भित्र पर्नसक्ने विपद्का घटनाहरुलाई देहाय अनुसार वर्गीकरण गरिएको छ ।**

१. प्राकृतिक विपद् : प्राकृतिक विपद् अन्तर्गत भुकम्प, वाढी पहिरो, आगलागी, चट्यांग, भूक्षय, असिनापानी, अतिबृष्टि, अनाबृष्टि, अल्पबृष्टि, सीतलहर, हावाहुरी, व्यक्तिगत तथा संस्थागत सम्पत्तिको नाशहुनेगरी पर्ने ठूलाप्रकारका खाडलहरु वा यस्तै प्रकारका प्राकृतिक घटनाहरुवाट उत्पन्न हुने समस्याहरु बुझिनेछ ।

२. गैरप्राकृतिक विपद्: गैरप्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, किट वा सुक्ष्म जीवाणुवाट हुने आतंक, पशुपंक्षी तथा चरचुरुंगीहरु र जंगली जनावरवाट सर्ने फ्लु र अन्य यस्तै रोगहरु, सर्प विच्छी, वाघभालु लगायतका अन्य जीवजन्तुको आक्रमणवाट हुने जटिल घाइते एवं सोले सृजनाहुने असहज अवस्था, जनावर आतंक, सडक दुर्घटना, विद्युतीय दुर्घटना, वातावरणीय प्रदुषण, प्रकोप तथा उद्धार कार्यमा हुने दुर्घटना, लडाई वा झैझगडा वा यस्तै अन्य गैर प्राकृतिक घटनाका कारण कारण उत्पन्न हुने विपद्जन्य समस्याहरु ।

३. रोगब्याधीको कारण हुने विपद् :

(१) जटिल स्वास्थ्य समस्याका कारण हुने पारिवारिक एवं सामाजिक समस्या जस्तो कि जटिल मुटुरोग, क्यान्सर, प्यारालाइसिस, मृगौला फेल, ब्रेन ह्युमरेज, शरीरका कुनैपनि भागमा हुने ठूलोप्रकारका अपरेशनहरु, महिलाको सुत्केरी हुन नसकी उत्पन्न हुने

समस्याहरु, जटिल मानसिक समस्याहरु लगायत अन्य दिर्घकालीन समस्या सृजना गर्ने घटनाहरु ।

(२) सो कोषमा आवश्यक रकम समेत मौज्दात राखी विपद् व्यवस्थापन समितिको सिफारिमा तत्काल राहत तथा जिन्सी सामाग्री दिन सकिनेछ ।

## परिच्छेद ५
## विपद्को कारण हुनसक्ने क्षति

**८. विपदको कारण हुने क्षतिको वर्गिकरणः**

१. परिच्छेद ४ मा उल्लिखित ३ वटै प्रकारका विपद्का घटनाहरुवाट सृजना हुने क्षतीलाई देहायअनुसार बर्गिकरण गरिनेछ,जसमा मानवीय क्षतिलाई पहिलो प्राथमिकता दिएर राहत तथा उद्धार कार्य गरिनेछ ।

क. मानवीय क्षती तथा शारिरीक क्षती,

ख. पशुपंक्षीमा हुने क्षती,

ग.अन्नवालीमा हुने क्षती तथा उत्पादनमा हुने क्षती

घ. वसोवासमा हुनेक्षती,

ङ. आर्थिक अवस्थामा हुने क्षती,

च. भौतिक संरचनामा हुने क्षती,

२. यसै परिच्छेदको दफा १ मा उल्लेख गरिए वाहेक विपद् व्यवस्थापन समितिले निर्णय गरेका तथा नगरकार्यपालिकाको वैठकमा निर्णय भई विपद् व्यवस्थापन समितिलाई सिफारि गरिएका अन्य क्षतिहरु समेत मानिनेछ तर त्यस्ता क्षतिहरु कुनै पनि प्रकारको विपदका कारण सुजना भएको हुनुपर्नेछ ।

## परिच्छेद ६
## विपद्जन्य राहत प्राप्त गर्ने विधि

**९.** यस कार्यविधिले उल्लेख गरेको अवस्थामा यसै कार्यविधि अनुसार र कावुवाहिरको अवस्था र यस कार्यविधिले उल्लेख नगरेको अवस्थामा तत्काल नगरकार्यपालिकाको आकस्मिक वैठकको निर्णय अनुसार हुनेगरी राहत उपलब्ध गराइनेछ । राहत कार्य सम्भव भएसम्म छिटो उपलब्ध

गराउनु पर्नेगरी विपद् पिडितलाई राहत दिन वा पिडितले राहत माग गर्न आधारभूत रुपमा देहायकका विधि पुरा भएको हुनुपर्नेछ ।

क. प्रहरी रिपोर्ट ।

ख. सम्वन्धित वडा कार्यालयको सिफारिस।

ग. सम्वन्धित व्यक्तिको विपद् वारे विवरण खुलाएको माग निवेदन ।

घ. रोगवाट पिडित व्यक्तिको हकमा सम्वन्धित रोगको विशेषज्ञ वा अस्पतालको सिफारिस ।

ङ. व्यक्ति स्वयं विपद् पिडित भई उपस्थित हुन नसक्ने भएकोमा सम्वन्धित वडा कार्यालयको व्यक्ति तोकिएको सिफारिस पत्र, (सकेसम्म यस्तो सिफारिस एकाघरको व्यक्ति हुनुपर्नेछ) । तर विपद्का् प्रकृति तथा पिडितको अवस्था हेरी तत्काल राहत तथा उद्धार कार्यमा स्रोत परिचालन गर्नुपर्ने भएमा विपद् व्यवस्थापन समितिका अध्यक्षको सिफारिसको आधारमा हुनेछ ।

**१०.** यसै परिच्छेदको नियम १ मा उल्लिखित विवरणहरु झुटा ठहरिएको अवस्थामा राहत लिने व्यक्तिले प्राप्त गरेको राहत रकम वा जिन्सी विपद् व्यवस्थापन कोषमा रहने गरी फिर्ता गर्नुपर्नेछ ।

## परिच्छेद ७

## राहत विवरण

**११.** संघीय सरकार र प्रदेश सरकाले उपलब्ध गराउने राहत उनीहरुकै कानूनअनुसार हुनेछ भने फलेवास नगरकार्यपालिकाद्धारा उपलब्ध गराउने राहत यस कार्यविधिमा उल्लेख गरिए अनुसार हुनेछ ।

**१२.** राहतको सीमा तथा मात्रा निर्धारणमा मानविय क्षतिलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

**१३.** राहतको सीमा तथा मात्रा निर्धारत क्षतिको मात्र, शंवेदनशिलता र क्षतिको प्रभाव तथा असर ( दीर्घकालीन असरलाई थप ध्यान दिनेगरी) को आधारमा प्रदान गरिनेछ ।

**१४.** राहत उपलब्ध गराउंदा प्रभावकारीताको आधारमा नगद, जिन्सी वा सेवा उपलब्ध गराइनेछ । राहत संगै आवश्यकतानुसार प्राविधिक सहयोगको लागि समन्वय, सहकार्य र साझेदारी समेत गरिनेछ ।

**१५.** विपद्को अवस्थामा उपलब्ध गराउने राहत मध्ये नगद तथा जिन्सीको साथसाथै प्राविधिक सहयोग समेत आवश्यकताका आधारमा विपद् व्यवस्थापन समितिले नगरकार्यपालिकासंग समन्वय गरेर उपलब्ध गराउन सक्नेछ ।

**१६.** मानविय क्षती भएको अवस्थामा प्रतिव्यक्ति अधिकतम रु ५०,०००।- सम्म नगद राहत उपलब्ध गराउन सकिनेछ ।

**१७.** अंगभंग तथा जटिल घाइतेको लागि प्रतिव्यक्ति अधिकतम रु २५,०००।- सम्म नगद राहत उपलब्ध गराउन सकिनेछ ।

**१८.** कुनै परिवारमा एक भन्दा बढि सदस्यको मानविय क्षति भएको अवस्थामा जनही न्यूनतम सिमाको रकम उपलब्ध गराउन सकिनेछ ।

**१९.** अन्य क्षतिको अवस्थामा क्षतिको मूल्याङ्कन रकमको आधारमा देहाय अनुसार हुने गरी राहत उपलब्ध गराउन सकिनेछ ।

**क. रु १,००,००० (एकलाख) सम्मको क्षतिको लागि:**

| क्र.स. | विपद्को किसिम | अधिकतम राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | बाढीवाट हुने क्षति | ५,०००।- | |
| २ | पहिरोवाट हुने क्षती | ५,०००।- | |
| ३ | आगलागीवाट हुने क्षती | १०,०००।- | |
| ४ | चट्यानवाट हुने क्षती | १०,०००।- | |
| ५ | असिना पानी | ५,०००।- | |
| ६ | भुकम्प | ५,०००।- | |
| ७ | भूक्षय | ५,०००।- | |
| ८ | हावाहुरी | ५,०००।- | |
| ९ | अतिबृष्टि। अनाबृष्टि | ५,०००।- | |
| १० | सर्पदंश | ५,०००।- | |
| ११ | महामारी | ५,०००।- | |
| १२ | ऋनिकाल | १०,०००।- | |

| | | | |
|---|---|---|---|
| १३ | किरा, सुक्ष्म जीवाणुको आतंक | ५,०००।- | |
| १४ | पशुपंक्षीवाट हनु फ्लु | ५,०००।- | |
| १५ | जनावरवाट हुने आतंक | ५,०००।- | |
| १६ | विभिन्न दुर्घटनावाट घाइते | ५,०००।- | |
| १७ | अन्य विविध प्रकोप पिडित | ५,०००।- | |

**ख.. रु १,००,००० (एकलाख) देखि रु ३,००,००० (तीनलाख) सम्मको क्षतिको लागिः**

| क्र.स. | विपद्को किसिम | अधिकतम राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | बाढीवाट हुने क्षति | ७,५००।- | |
| २ | पहिरोवाट हुने क्षती | ७,५००।- | |
| ३ | आगलागीवाट हुने क्षती | १५,०००।- | |
| ४ | चट्यानवाट हुने क्षती | १०,०००।- | |
| ५ | असिना पानी | ७,५००।- | |
| ६ | भुकम्प | ७,५००।- | |
| ७ | भूक्षय | ७,५००।- | |
| ८ | हावाहुरी | ७,५००।- | |
| ९ | अतिबृष्टि। अनाबृष्टि | ७,५००।- | |
| १० | सर्पदंश | ७,५००।- | |
| ११ | महामारी | ७,५००।- | |
| १२ | ऋनिकाल | १०,०००।- | |
| १३ | किरा, सुक्ष्म जीवाणुको आतंक | ७,५००।- | |
| १४ | पशुपंक्षीवाट हनु फ्लु | ७,५००।- | |
| १५ | जनावरवाट हुने आतंक | ७,५००।- | |
| १६ | विभिन्न दुर्घटनावाट घाइते | १०,०००।- | |
| १७ | अन्य विविध प्रकोप पिडित | ७,५००।- | |

**ग.. रु ३,००,००० (तीनलाख) देखि ५,००,००० (पांचलाख) सम्मको क्षतिको लागिः**

| क्र.स. | विपद्को किसिम | अधिकतम राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | बाढीवाट हुने क्षति | १०,०००।- | |
| २ | पहिरोवाट हुने क्षती | १०,०००।- | |
| ३ | आगलागीवाट हुने क्षती | २५,०००।- | |
| ४ | चट्यानवाट हुने क्षती | २५,०००।- | |
| ५ | असिना पानी | १०,०००।- | |
| ६ | भुकम्प | १५,०००।- | |
| ७ | भूक्षय | १०,०००।- | |
| ८ | हावाहुरी | १०,०००।- | |
| ९ | अतिबृष्टि। अनाबृष्टि | १०,०००।- | |
| १० | सर्पदंश | १५,०००।- | |
| ११ | महामारी | १०,०००।- | |
| १२ | ऋनिकाल | १२,०००।- | |
| १३ | किरा, सुक्ष्म जीवाणुको आतंक | १०,०००।- | |
| १४ | पशुपंक्षीवाट हनु फ्लु | १०,०००।- | |
| १५ | जनावरवाट हुने आतंक | १५,०००।- | |
| १६ | विभिन्न दुर्घटनावाट घाइते | १५,०००।- | |
| १७ | अन्य विविध प्रकोप पिडित | १५,०००।- | |

**घ. रु. ५,००,००० (पांचलाख) भन्दा माथिको क्षतिको लागिः**

| क्र.स. | विपद्को किसिम | अधिकतम राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | बाढीवाट हुने क्षति | १५,०००।- | |

| | | | |
|---|---|---|---|
| २ | पहिरोवाट हुने क्षती | १५,०००।- | |
| ३ | आगलागीवाट हुने क्षती | ३०,०००।- | |
| ४ | चट्यानवाट हुने क्षती | ३०,०००।- | |
| ५ | असिना पानी | १५,०००।- | |
| ६ | भुकम्प | २०,०००।- | |
| ७ | भूक्षय | १५,०००।- | |
| ८ | हावाहुरी | १५,०००।- | |
| ९ | अतिबृष्टि। अनाबृष्टि | १५,०००।- | |
| १० | सर्पदंश | १७,०००।- | |
| ११ | महामारी | १५,०००।- | |
| १२ | अनिकाल | १५,०००।- | |
| १३ | किरा, सुक्ष्म जीवाणुको आतंक | १५,०००।- | |
| १४ | पशुपंक्षीवाट हनु फ्लु | १७,०००।- | |
| १५ | जनावरवाट हुने आतंक | २०,०००।- | |
| १६ | विभिन्न दुर्घटनावाट घाइते | २०,०००।- | |
| १७ | अन्य विविध प्रकोप पिडित | २०,०००।- | |

**२१.** विशेष अवस्था भएमा उल्लिखित दर वाहेकको रकम समेत उपलब्ध गराउनुपर्ने भएमा नगरकार्यपालिकाले निर्णय गुर्नपर्नेछ ।

**२२. जटिल रोगको विवरण:**

१) उल्लिखित नं. २० मा विवरणमा समावेश नभएको जटिल रोगवाट पिडित व्यक्तिको लागि अधिकतम २५,०००।- सम्म राहत उपलब्ध गराउन सकिनेछ । सो को लागि सम्वन्धित रोगको विशेषज्ञ डाक्टर एवं अस्पतालवाट प्रमाणित भएको हुनुपर्नेछ । जसमा जटिल रोगहरु भन्नाले देहायका रोगहरु मात्र मानिनेछ ।

- मुटुरोग :

- क्यान्सर
- प्यारालाईसिस
- मृर्गौला फेल
- ब्रेन ह्युमरेज
- ठूला अपरेसनहरु
- सुत्केरी हुन नसकी उत्पन्न हुने जटिल समस्याहरुः
- महामारी
- फ्लु प्रकृतिका महामारीहरुः
- मेरुदण्डको समस्या
- गम्भिर मानसिक समस्याः

## परिच्छेद ६
## विविध

**२३. वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठनः**

१) वडा स्तरमा देहाय अनुसारको वडा विपद् व्यवस्थापन समितिको गठन गरी विपद् व्यवस्थापनका कार्यहरु गरिनेछ ।

- वडा अध्यक्ष : संयोजक
- वडा सदस्य हरु मध्ये १ महिला सहित २ जना सदस्य
- वडा स्तरीय राजनीतिक दलका प्रतिनिधि १।१ जना सदस्य
- वडाको सुरक्षा हेर्ने प्रहरी चौकीको प्रतिनिधि १ जना सदस्य
- वडामा रहेके रेडक्रसको शाखा प्रतिनिधि १ जना सदस्य
- स्थानीय गैसस प्रतिनिधि १ जना सदस्य
- स्थानीय संञ्चारकर्मीको प्रतिनिधि १ जना सदस्य
- वडामाा सञ्चालित विद्यालयहरुका प्र.अ.हरु मध्ये १ जना सदस्य,
- सम्वन्धित वडाको सचिव सदस्य सचिव

२. यसै परिच्छेदको दफा १ अनुसारको समितिमा वडा स्तरमा भएका विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुलाई सदस्यको रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

३. यस समितिमा सदस्य नरहेका व्यक्ति तथा संस्थालाई आवश्यकता भएमा वैठकमा आमन्त्रित सदस्यको रुपमाा सहभाागि गराउन सकिनेछ ।

४. यसै परिच्छेदको १ नं दफा अनुसार गठन हुने समितिका कुनै सदस्यहरु नरहेको वा अनुपस्थित भएको अवस्थामा समिताके वैठक बसी आवश्यक निर्णय गर्न कुनै वाधा पर्नेछैन ।

**२४. वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

१. नियमित वैठक बसी विपद् व्यवस्थापनका कार्यहरु गर्ने ।

२. वडामा भएका सम्पूर्ण विपद्का घटनाहरुको वार्षिक रुपमा अभिलेख राख्ने ।

३. विपद् पिडितको लागि तत्काल राहत तथा उद्धार कार्यमा खट्ने र सो को लागि सम्वन्धित निकायहरुसंग समन्वय, सहकार्य र साझेदारी गर्ने एवं सूचना प्रवाह गर्ने,

४. आवश्यकतानुसार राहत संकलनका कार्यक्रमहरु आयोजना गर्ने,

५. नगरकार्यपालिकासंग समन्वय गरी शिघ्राती शिघ्र पिपद् पिडितको उद्धार, पुर्नस्थापना र राहत उपलब्ध गराउने वातावरण मिलाउने,

६. विपद् व्यवस्थापन समितिलाई मासिक रुपमा घटेको घटनाहरुको विवरण उपलब्ध गराउने ,

७. वडामा भएका विपद्का घटनाको नगरपालिका र सम्वन्धित सरोकारवालाहरुलाई तत्काल सूचना गर्ने र नगरपालिकालाई क्षतिको विवरण उपलब्ध गराउने,

८. मानविय सहयोगको लागि सवैपक्षको सहायोगको लागि आवश्यक समन्वय एवं सहजीकरण गर्ने,

९. क्षति ग्रस्त पूर्वाधारहरुको तत्काल पुर्नस्थापना तथा पूर्ननिर्माणको लागि आवश्यक समन्वय गर्ने ,

**२५. खारेजी र कार्यविधिमा थपघटः**

१. संघीय कानून, प्रदेश कानून र यसै नगरपालिकाको विपद् व्यवस्थापन ऐन, २०७५ संग वाझिएको हकमा यो कार्यविधि स्वतः खारेज हुनेछ ।

२. यस कार्यविधिमा थपघट गर्नुपरेमा सो को सम्पूर्ण अधिकार नगरकार्यपालिकाको हुनेछ ।

३. यस कार्यविधि अनुसार विपद्को क्षति मुल्यांकन गरी प्रदान गरिने राहत दिनैपर्ने वाध्यता नगर कार्यपालिका संग हुनेछैन । सो को लागि विपद् व्यवस्थापन कोषमा रकम अनिवार्य भएको हुनुपर्नेछ । अर्थात विपद् व्यवस्थापन समिति र प्रत्यायोजन गरिएको अधिकार प्राप्त

अधिकारीले आवश्यकताका आधारमा राहत उपलब्ध गराउने नगराउने निर्णय गर्न सक्नेछ ।

४. संघीय सरकार, प्रदेश सरकार वा स्थानीय सरकार ३ वटा तह मध्ये कुनै एक तहवाट राहत उपलब्ध हुनेछ । तर यस कार्यविधिको आधारमा संघीय सरकार र प्रदेश सरकारवाट राहत उपलब्ध भए पनि आवश्यक देखिएमा त्यस्तो राहत उपलब्ध गराउन कुनै वाधा हुनेछैन । त्यस्तो अवस्थामा विपद् व्यवस्थापन समितिको निर्णय अनिवार्य मानिनेछ ।

**२६. कार्यविधिको प्रयोग**

क. यो कार्यविधि फलेवास नगर कार्यपालिकाले स्वीकृत गरेको  मितिदेखि लागू हुनेछ ।

आज्ञाले,

मोतीराम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत